# 'अभागी' कथामा परिवेशविधान

नित्यानन्द खतिवडा, विद्यावारिधि
उपप्राध्यापक - नेपाली विभाग
पिण्डेश्वर विद्यापीठ (क्याम्पस), धरान, नेपाल
nityanandakhatiwada357@gmail.com

Article History : Received - 23 April. 2026, Reviewed - 13 May 2026, Accepted - 19 June 2026
DOI : https://doi.org/10.3126/ss.v4i05.96269

**लेखसार**

प्रस्तुत लेख गुरुप्रसाद मैनालीद्वारा रचना गरिएको नासो कथासङ्ग्रह (२०२६) मा सङ्ग्रहित अभागी कथामा परिवेशविधानको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रही तयार पारिएको हो । गुणात्मक ढाँचामा आधारित यो लेख अभागी कथामा परिवेशको प्रयोग के कसरी भएको छ भन्ने मुख्य समस्या उठाई समस्याको प्राज्ञिक समाधान गर्दै कथामा आयोजित परिवेशको विश्लेषणमा केन्द्रित रहेको छ । यसमा मैनालीको अभागी कथालाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिई सूक्ष्म पठनविधिबाट मुख्य परिवेशको विश्लेषण गरिएको छ । यस लेखमा कथाको परिवेशको विश्लेषण गर्न लिइएका सैद्धान्तिक पुस्तकहरू, विभिन्न जर्नलमा प्रकाशित लेखहरू तथा पुस्तकालयीय स्रोतका सामग्रीहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । कथामा उल्लिखित सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक पक्षसँगै स्थानगत र समयगत परिवेशको प्रयोगबाट कथा परिवेशगत रूपमा प्रभावकारी बन्न पुगेको छ भन्ने निष्कर्ष यस लेखमा प्राप्त भएको  छ । सामाजिक र सांस्कृतिक पुरातन संस्कारका कारण पुरुषहरूले विवाह गर्दा पहिलो श्रीमतीपट्टिका सन्तानप्रति गरिने सौतेनी व्यवहार र त्यसको परिणामलाई पनि कथाको परिवेशले देखाएको छ । प्रस्तुत कथामा विषयसन्दर्भसँगै पात्रगत र भाषाशैलीगत प्रयोगले कथाको परिवेश थप जीवन्त र यथार्थपरक बन्न पुगेको कुरालाई यस लेखमा अभिव्यक्त गरिएको छ । मान्छे समाज र संस्कृतिबाट अलग हुन नसक्ने तथा त्यहाँको परिस्थितिले उसलाई मानसिक त्राटन दिन सक्ने परिवेशसन्दर्भ विश्लेषणबाट प्रस्तुत गरिएको छ । उक्त वैचारिक निष्कर्ष प्रदान गर्न सक्नु नै यस लेखको महत्त्वपूर्ण प्राप्ति हो ।

**शब्दकुञ्जी -** अभागी, ऐतिहासिक, परिवेश, त्राटन, सामाजिक ।

## विषयपरिचय

अभागी कथा कथाकार गुरुप्रसाद मैनाली (वि.सं.१९५७ -२०२८) द्वारा रचना गरिएको परिवेशप्रधान कथा हो, जसमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक र कालिक परिवेशको प्रयोग  पाइन्छ । मैनालीको नासो कथासङ्ग्रह (२०२०) मा सङ्कलित प्रस्तुत कथामा अभिव्यक्त परिवेशको प्रयोग अवस्थाबारे विश्लेषण गर्नु यस लेखको मुख्य विषय हो । कथाकार गुरुप्रसाद मैनाली नेपाली समाजमा रहेका यथार्थ घटनाहरूलाई विषयवस्तु बनाई सोहीअनुसारकै स्वाभाविक परिवेशको प्रयोग गर्ने कथाकार हुन् । अभागी एउटा सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक समस्यालाई

विषय बनाई लेखिएको कथा हो । यस कथामा मूलतः नेपाली समाजमा विभिन्न कारण दोस्रो विवाह गर्ने र त्यसपछि प्रथम श्रीमतीपट्टिका सन्तानलाई सौतेनी व्यवहार गर्ने पात्रको सामाजिक मनोदशालाई देखाइएको छ । कथावस्तुलाई पात्रले जीवन दिने कारण कथानक र पात्रको सोझो सम्बन्ध रहेको हुन्छ । त्यस्तै कथालाई परिवेशले यथार्थपरक र जीवन्त बनाएको हुन्छ । घटना घट्ने र पात्रले क्रियाकलाप गर्ने ठाउँ, समय र वातावरण नै परिवेश रहेका कारण विवेचित कथामा यिनै पक्षको प्राज्ञिक अध्ययन गरिएको छ । कथामा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ (शर्मा, २०६३, पृ.३९६) । प्रस्तुत अभागी कथामा काठमाडौं उपत्यका हुँदै भीमफेदीसम्मका विभिन्न ठाउँहरू स्थानगत परिवेश, रातदिन बिहान, साँझ समयगत परिवेश तथा विवाह, दसैं, शिवरात्री आदि सांस्कृतिक परिवेश अनि सौतेनी व्यवहारका कारण कृष्ण पात्रको मनोभावना मनोवैज्ञानिक परिवेश बनेर आएका छन् । कथाका तत्त्वहरूमध्ये परिवेशलाई सैद्धान्तिक पर्याधारका रूपमा लिएर यस कथाको विश्लेषण गरिएको छ । यो लेख विवेच्य कथामा प्रस्तुत सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, स्थानगत र समयगत परिवेशको विश्लेषणमा केन्द्रित रहेको छ । यस कथामा परिवेशविधानको प्रयोग अवस्था के कस्तो रहेको छ भन्ने विषयलाई मूल समस्या बनाई सोही प्रश्नको प्राज्ञिक समाधानमा केन्द्रित उद्देश्य लिई यो लेख तयार पारिएको छ । यसमा मुख्यतः वर्णनात्मक तथा अंशतः नाटकीय अध्ययन विधिको प्रयोग रहेको छ । यस लेखमा अभागी कथामा प्रस्तुत भएको परिवेशको चित्रण गरिएको हुनाले यस विषयमा जानकारी प्राप्त गर्न चाहने अनुसन्धाता, अध्येता र पाठकहरूका लागि यो अध्ययन अत्यन्त उपयोगी हुने कारण यसको औचित्य तथा महत्त्व रहेको देखिन्छ । यो लेख अभागी कथाको परिवेश वर्णनमा मात्र सीमित रहेका कारण यस बाहेकका अन्य पक्षहरू यसका सीमाका रूपमा रहेका छन् ।

प्रस्तुत लेख गुणात्मक ढाँचामा केन्द्रित भएर तयार पारिएको छ । यसमा नासो कथासङ्ग्रहमा रहेको अभागी कथालाई प्राथमिक सामग्रीका रूपमा लिई सूक्ष्म पठनविधिका माध्यमबाट कथामा रहेको परिवेशविधानको अध्ययन गरिएको छ । अध्ययनमा नेपाली कथाका तत्त्वहरूमध्ये परिवेशलाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ र यसै सिद्धान्तका कसीमा अभागी कथाको परिवेशविधानको वस्तुगत अध्ययन विश्लेषण गरिएको छ । मैनालीको विवेचित कथाबारे भएका विभिन्न अध्ययन विश्लेषणका सामग्रीलाई भने द्वितीयक स्रोत सामग्रीका रूपमा प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि प्रायोगिक पद्धतिको उपयोग गरिएको छ । यस लेखनलाई निष्कर्षमा पुऱ्याउन वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । अभागी कथा र यसका सर्जकका बारेमा विभिन्न अध्ययन अनुसन्धानहरू भएको पाइन्छ । सुशीला भट्ट (२०६०) ले गुरुप्रसाद मैनालीः व्यक्ति र कृति ग्रन्थमा कथाकार मैनालीको जीवनीसँगै कथाहरूको तत्त्वगत अध्ययन गरेकी छन् । मैनालीका कथामा पाइने सामाजिक, सांस्कृतिक र समयगत परिवेशबारे उनले सामान्य चर्चा गरेकी छन् । यहाँ समग्रतामा मात्र अभागी कथाको परिवेशबारे टिप्पणी गरिएको छ । प्रस्तुत लेखमा परिवेशलाई नै केन्द्र बनाएर अध्येता भट्टले सङ्केत गरेका परिवेशगत सन्दर्भलाई विस्तारमा चर्चा गरेको छ । त्यस्तै गुणकुमारी दङ्गाल (सन् २०२०) ले करिकुलम डेभलोप्मेन्ट जर्नलमा 'अभागी कथाको समाजशास्त्रीय अध्ययन' शीर्षकमा अध्ययन गरेकी छन् । यसमा परिवेशभन्दा पनि समाजशास्त्रीय दृष्टिले कथाका आर्थिकलगायतका पक्षको विश्लेषण गरिएको छ । त्यसैगरी शालिकराम पौडेल (सन् २०२४) ले 'गुरुप्रसाद मैनालीको अभागी कथामा करुण रस' शीर्षकमा अध्ययन गरेको देखिन्छ र यस अध्ययनमा पनि अन्य पक्षभन्दा रसभावलाई केन्द्रमा राखिएको पाइन्छ । रमेश खड्का (२०६१) ले 'अभागी कथाको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोध गरेको पाइन्छ । यस अध्ययनले पनि शैलीविज्ञानलाई मात्र केन्द्रमा राखेको पाइन्छ । यहाँ प्राप्त

पूर्वकार्यहरूले अभागी कथाका विविध पक्षमा अध्ययन गरेको पाइए पनि सुशीला भट्टको अध्ययन प्रस्तुत लेखसँग सम्बद्ध रहेकाले त्यहाँ सङ्केत गरिएको कुरालाई यस लेखले पूर्णता दिएको छ । यही बाहिर आउनुपर्ने तर पूर्ण रूपमा आउन नसकेको विषयलाई बाहिर ल्याउने प्रयास यस लेखले गरेको छ । यही नै यसको शोध अन्तराल हो ।

**सैद्धान्तिक पर्याधार**

कथाका संरचक घटक तत्त्वहरूमा कथावस्तु र पात्रपछि परिवेशको भूमिका अहम् रहेको हुन्छ । एकअर्थमा घटना र पात्रको आधार नै परिवेश हो । परिवेश भन्नाले घटना घट्ने र पात्रले कार्यव्यापार गर्ने ठाउँ, समय र परिस्थिति भन्ने बुझिन्छ । यसलाई देश, काल र वातावरण वा कार्यपीठिका, पृष्ठभूमि पनि भनिएको पाइन्छ । घटना र कार्यव्यापार कहिले, कहाँ र कसरी भयो भन्ने कुराको सङ्केत नै परिवेश हो । शाब्दिक रूपमा हेर्दा परिवेश चारैतिरबाट भएको घेराइ, परिवेष्ठन, सूर्य वा चन्द्रमाको चारैतरि देखिने एक प्रकारको मण्डल, सभा, परिधि, सीमा (नेपाली बृहत् शब्दकोश, २०४०, पृ.७४६) हो । परिवेशलाई नेपालीमा पर्यायवाची रूपमा वातावरण, पर्यावरण, कार्यपीठिकाजस्ता पदावली प्रयोग गरेको पाइन्छ । कृतिको स्थान वा समयलाई परिवेश भनिन्छ । परिवेश कृतिभित्रको भौतिक जगत् हो (रोजनहाइम, सन् १९६४, पृ.४२) । कथामा प्रत्याङ्कन गरिने देशकालको परिधिलाई परिवेश भनिन्छ । यसले पात्रको कार्यव्यापारलाई सप्रयोजन प्रस्तुत गर्न पृष्ठभूमिको काम गर्दछ (शर्मा, २०६७, पृ.७६) । परिवेश कथाका अन्य तत्त्वहरू कथानक, चरित्र, दृष्टिबिन्दु, सारवस्तु र भाषासँग पनि सम्बन्धित हुन्छ । कथानकको आदि, मध्य र अन्त्यको श्रृङ्खला अघि बढ्ने स्थान परिवेश भएकाले यसले कथानक निर्माणमा सहयोग पुऱ्याउँछ । पात्रको कार्यव्यापारले परिवेशको अवस्थालाई बोध गराउने कारण यी दुईको पनि दोहोरो सम्बन्ध देखिन्छ । दृष्टिबिन्दुले परिवेशलाई पाठकसमक्ष पुऱ्याउँछ भने भाषाले परिवेशअनुसार पात्रको मनोभावना अभिव्यक्त गर्नमा सघाएको हुन्छ । खासगरी कृतिमा परिवेशको अध्ययन गर्दा कृतिभित्रको स्थान, समय र वातावरणको विश्लेषण आवश्यक हुन्छ ।

स्थान भन्नाले कुनै वस्तु अडिने आधार वा थलो भन्ने बुझिन्छ । एकअर्थमा कथाको पात्र सहर, गाउँ, पहाड, मधेश, स्वदेश, विदेश कहाँ बसेको छ भन्ने कुराको जानकारी नै स्थान हो । त्यस्तै समय परिवेशको अर्को महत्त्वपूर्ण अङ्ग हो । समय भन्नाले कथामा घटेको घटना हिजोको हो वा आजको अथवा कहिलेको हो भनेर पाठकले थाहा पाउने तिथिमिति, बेला भन्ने बुझिन्छ । कथामा विशिष्ट र सामान्य दुई खालका समयको प्रयोग हुन्छ । पहिले नै प्रसिद्ध भइसकेको समय विशिष्ट वा ऐतिहासिक हो भने अन्य सबै समय सामान्य हो । कथामा यस्ता सबै खालका समयगत परिवेश आएका हुन्छन् । बितेको समयबारे कथा लेख्दा त्यसबेलाको इतिहास, संस्कृति, भाषाको ज्ञान हुनुपर्छ भने भविष्यबारे बोल्दा, लेख्दा समाज र प्रकृतिको हेक्का हुनुपर्दछ । कथामा जुन समयको प्रयोग भए पनि वर्तमानकै घटनालाई समेटेर धेरै कथा लेखिएका छन् (बराल, २०६९, पृ.८७) । कथाको प्रकृतिअनुसार समय तोकेर भनेको र नभनेको पनि पाइन्छ । यद्यपि कथाको घटना, दृश्य आदिले समेत समयको सङ्केत गरेको पाइन्छ । कतिपय कथामा समयको स्पष्ट प्रयोग गरिएको पाइन्छ भने कुनैमा घटना, दृश्य आदिको आधारमा अनुमान गर्नुपर्ने हुन्छ । कतिपय कथामा दिन, रात, साँझजस्ता सार्वकालिक समयको प्रयोग पाइन्छ । जे भए पनि रचनाको विश्वसनीयताका लागि समयगत परिवेशले अहम् भूमिका खेलेको पाइन्छ । वातावरण पनि परिवेशको अर्को अङ्ग हो । एकर्थमा वातावरण नै परिवेश हो । वातावरण भन्नाले पाठक रहेको स्थान, माहोल, समय आदि भन्ने बुझिन्छ । त्यो दुःख, सुख जस्तो पनि हुन्छ । कथामा वातावरण आन्तरिक र बाह्य दुई प्रकारको हुन्छ । बाहिर देखिने सपाट माहोल बाह्य वातावरण हुन्छ भने

पात्रको आन्तरिक मनोदशालाई चित्रण गर्ने वातावरण आन्तरिक हुन्छ । यसलाई मनोवैज्ञानिक परिवेश पनि भनिन्छ । यो पात्रको आन्तरिक व्यक्तित्व र मनोवैज्ञानिक अस्तित्वलाई परिभाषित गर्ने तत्त्व हो (नेपाल, सन् २००५, पृ.९४) ।

कथामा प्रस्तुत स्थान, समय र वातावरणको संयुक्त रूप नै परिवेश हो । यसले कथावस्तुलाई गतिशील र जीवन्त तुल्याएको हुन्छ भने रचनालाई विश्वसनीय तुल्याउन भूमिका पनि खेल्दछ । परिवेशभित्र वस्तु र पात्रका अतिरिक्त उसको विचारको समेत प्रस्तुति रहेको हुन्छ । यसमा सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि विभिन्न सन्दर्भहरू रहने कारण परिवेशको क्षेत्र निकै व्यापक रहेको देखिन्छ (शाह, सन् २०२३ पृ.१०७) ।

## विमर्श र परिणाम

अभागी कथाकार गुरुप्रसाद मैनालीको नासो कथासङ्ग्रहमा सङ्कलित ११ ओटा कथाहरूमध्ये सातौं क्रममा रहेको कथा हो । यस कथामा सामाजिक यथार्थवादी विषयलाई कथावस्तु बनाइएको छ । पण्डित माधवप्रसादले कृष्णको जन्मपछि बिरामी परेकी श्रीमती गङ्गालाई कृष्णको राम्रो स्याहार गर्ने हुनाले चिन्ता नगर्न आग्रह गरेका छन् । गङ्गाको निधनपछि छोराको स्याहार गरेर बसे पनि व्यावहारिक समस्या देखाएर करुणा नामकी दोस्री श्रीमती घर भित्र्याउँछन् । केही समय घरबार राम्रैसँग चले पनि पछि गएर कृष्णमाथि सौतेनी व्यवहार गरिन्छ र बुबाले पनि वास्ता गर्न छाडेपछि कृष्ण पूर्णतया बदमास बन्नपुग्छ । सौतेनी आमाबाट अत्याचारको सीमा बढेपछि घर नै छाडेर हिँड्न विवश बनेको  पीडादायी विषयसन्दर्भ कथामा उनिएको छ । वि.सं.२००७ सालअगाडिको काठमाडौंको वातावरण रहेको कथामा लगभग ११ वर्षभित्र घटेका घटनाक्रम तथा पात्रका कार्यव्यापारका स्थान, समय र वातावरणलाई कथाको परिवेशले समेटेको देखिन्छ । काठमाडौंको आसपासको स्थान, समय र पात्रका मानसिक वातावरणलाई प्रस्तुत कथाले मुख्य परिवेशमा समेटेको छ ।

### स्थानगत परिवेश

अभागी कथामा काठमाडौं उपत्यकाका पशुपति मन्दिर, मृगस्थली, कालिमाटी, थानकोटदेखि उपत्यकाबाहिर चित्लाङ र भीमफेदीसम्मका ठाउँहरू स्थानगत परिवेश बनेर आएका छन् । कथाको मुख्य पात्र माधवको घरको दलान, फलैंचा, सडक, चौतरिया (साहेबज्यू) को दरबारसम्म स्थानका रूपमा  देखिन्छन् । जस्तैः

ठूलो एकादशीको दिन कृष्णलाई छोडर माधव पशुपति जान लागेका थिए, कृष्ण पनि 'जान्छु' भनेर भुँइमा गोडा बजारेर रुन थाल्यो  (अभागी, २०२०, पृ.६६)  । प्रस्तुत कथांशमा पशुपतिको सन्दर्भ पाइन्छ । त्यसैगरीः

दसैं आयो । माधव चौतरियाको दसैं घरमा पूजा गर्न गए । वर्षै पिच्छे जान्थे । नौरथाभरि राता लुगा लाएर एक छाक खाएर उहीँ बस्नुपथ्र्यो । टीकाका दिन बिसर्जन गरेर मालिक मालिक्नीको हातको टीको लाएर मात्र घर आउँथे । (पृ.६८)

प्रस्तुत कथांशमा आएको परिवेशगत सन्दर्भले माधव दरबारका पुरोहित रहेको देखिएबाट कथाले चौतरियाको दरबारलाई पनि स्थानगत परिवेश बनाएको पाइन्छ । कृष्ण कहिले सानुचा कसाईको छोरो तुइचा र कुलबहादुर थापाको छोरोसँग देवलमा खोपी खेलेको, पाटीमा खेलेको, खत्रीनी बूढीको दलानमा बसेको तथा माधव पचली नर्सिपुरी बाबाजीकहाँ गाँजा खान गएको सन्दर्भले कथाको स्थानगत परिवेश विविधतामय रहेको देखिन्छ । कृष्ण घर छोडेर भागेपछि उसलाई खोज्ने क्रममा माधव विभिन्न स्थानमा पुगेको छ । जस्तैः

त्यसपछि माधव कालमोचन, पशुपति, कैलाश, मृगस्थली इत्यादि जोगीका अखडा अखडा खोज्दै हिँडे (पृ.७२) तथा कालिमाटीको पुलिसपाटीमा गएर सोधे । .....थानकोट पुलिसपाटीमा गएर सोधे । ...त्यसपछि माधवले चित्लाङ पुगेर एउटा पसलेसँग सोधे । ...आज बिहानै उठेर दुवै जना भीमफेदीतिर गए । (पृ.७३)

उपर्युक्त सन्दर्भहरूले प्रस्तुत कथाको स्थानगत परिवेश काठमाडौं उपत्यका र यसको वरिपरि नै रहेको देखिन्छ । यस कथाको कथानकमा घटित परिवेश माधवको घरको दलानबाट आरम्भ भएर घुम्दैघुम्दै उनकै घरको करेसामा पुगेर टुङ्गिएको छ भने कथानकसँगै पात्रका कार्यव्यापारहरू पनि तत्तत् ठाउँमा नै सम्पन्न भई कथानकको विकास भएको देखिन्छ ।

**समयगत परिवेश**

अभागी कथामा स्पष्टतः यो समय भनेर देखाइएको पाईदैन तर घटना र परिवेश अध्ययन गर्दा वि.सं.२००७ सालअघिको काठमाडौंको वातावरणलाई कथाले समेटेको पाइन्छ । कथामा रहेको २००७ सालको प्रजातन्त्र आउनुअघिको राणा चौतरियाहरूको दरबारको सन्दर्भले पनि कथाको समयगत परिवेश त्यही राणाकालीन रहेको देखिन्छ । कथामा लगभग ११ वर्षभित्र घटेका ऐतिहासिक घटनाहरूलाई समेटिएको छ र यसको जानकारी छोरो कृष्णको सन्दर्भबाट पाइन्छ । जस्तैः

के गर्नु प्रभु ! पापिनीले दूध चुस्तैको पिउसो छोडेर गई (पृ.६६) । कथाको प्रस्तुत सन्दर्भले कृष्णको उमेर लगभग एक वर्ष आसपास रहेको देखिन्छ । त्यस्तै -

तीन-चार वर्षपछिको कुरा हो । माधवले बिहे गरेर ल्याए । ...कृष्ण आठ बर्षको भो । (पृ.६७)

कथामा प्रस्तुत यी सन्दर्भहरू समयगत परिवेशसँग जोडिएका छन् । कथाको अर्को उदाहरण हेर्दा -

बिहानै थैलीको चाराना पैसा चोरेर हिंडेको, अहिलेसम्म नाकमुख देख्न पाएको छैन । (पृ.६९)

यसै रीतले भोक, प्यास, दुःख, लाञ्छना सहेर कृष्ण तेह्र वर्षको भो, केशव पनि पाँच वर्षको भो । (पृ.७१)

कथामा दिन, रात, साँझ, रातभर, दिनभर जनाउने सार्वकालिक समयगत परिवेश समेटिएको देखिन्छ । यही समयबिचमा कथामा प्रथम श्रीमती गङ्गाको निधन भएको छ भने माधवले दोस्री श्रीमती करुणासँग विवाह गरी एउटा छोरोसमेत जन्माएका घटनाहरू समेटिएका छन् । उता कृष्णले पढ्न छोडेर गाउँमा डुल्ने, चोर्ने, बद्मासीका कार्यहरू गर्न थालेको देखाइएको छ । कथामा तत्कालीन समयमा पशुपतिमा शिवरात्री मेला लाग्ने र मेलामा भारतीय जोगी, सन्यासीहरू बिनारोकटोक आउने जाने गरेको सन्दर्भलाई पनि देखाइएको छ ।

कथामा प्रस्तुत उपर्युक्त सन्दर्भहरूले राणाकालीन ऐतिहासिक समय, लगभग एघार वर्षको अवधिगत समय तथा दिन, रात, साँझ, बिहानजस्ता सार्वकालिक समयसूचक परिवेशहरू समयगत परिवेश बनेर आएका देखिन्छन् ।

**वातावरणगत परिवेश**

वातावरण परिवेशको अहम् अङ्ग हो । एकर्थमा वातावरण नै परिवेश हो तर परिवेशलाई देश, काल र वातावरणमा विभाजन गरिएका कारण यसलाई परिवेशको एक अङ्ग मानिएको हो । वातावरणले रहनसहन, भेषभूषा, विचार आदिलाई समेटेको हुन्छ । आन्तरिक र बाह्य गरी वातावरण दुई प्रकारको हुन्छ । बाहिर देखिने र स्थूल रूपमा पात्रलाई प्रभाव पार्ने परिवेश बाह्य हो भने त्यसले सूक्ष्म रूपमा पात्रीय मनोदशालाई पार्ने प्रभावलाई आन्तरिक वातावरण भनिन्छ ।

अभागी कथामा आन्तरिक र बाह्य दुवै वातावरणको सुन्दर प्रयोग पाइन्छ । कथामा बालककालमा नै आमा गङ्गाको निधन भएपछि बेसहारा बनेको अनि बाबासमेत स्याहार गर्न नभ्याएको र अझ घरमा करुणा नामकी सौतेनी आमाको आगमनपछि पूर्णतः अवहेलनामा परेपछिको छोरो कृष्णको मनोभावना आन्तरिक परिवेश बनेर आएको छ। कथामा घटेका विभिन्न घटना र पात्रका कार्यव्यापारबाट पात्रका मनमा उत्पन्न हुने निराशा, खुसी, विस्मय तथा उदासी, क्रोध र चिन्ताजस्ता भावहरू आन्तरिक वा मनोवैज्ञानिक परिवेशका रूपमा आएका छन्। कथाको सुरुमा नै बिरामले थला परेकी गङ्गाले सानो छोराप्रति देखाएको माया, सद्भावलाई देखाइएको छ । मृत्युको मुखमा परेकी गङ्गालाई कृष्ण बेस्याहार हुने हो कि भन्ने चिन्ता रहेको छ। जस्तैः

कृष्ण रोएको सुनेर हो कि केले हो गङ्गाले अलि हात लम्काएर छामेजस्तो गरिन्। त्यो देखेर भट्टराई बूढाले माधवसँग भने- नानी दुलहीलाई पक्का छोराको घिडघिडो रहेको हो, एकचोटि सँझाउन पाए हुन्थ्यो। (पृ.६५)

प्रस्तुत कथांशमा आफू मरेर गएपछि छोरोको बिजोग हुने हो कि भन्ने गङ्गाको चिन्तालाई देखाइएको छ । त्यस्तै सौतेनी आमाको क्रोधलाई कथामा यसरी प्रस्तुत गरिएको छः

कति सहनु ? सधैं यही चाल छ । आँखा झिम्काउन हुँदैन, जे भेट्टायो टिपेर हिँड्छ । (पृ.७०) अघि अघि कृष्ण भागिरहेको थियो । पछि पछि हातमा लौरो लिएर करुणा लघार्दै आउन लागेकी थिइन् । खत्रीनी बूढीका घरनेर आइपुगेपछि कृष्णलाई भेट्टाइछन् र पाखुरामा समातेर गाली गर्दै कुट्दै गर्न लागिन् । कृष्ण कङ्कला शब्द गरेर रुन लाग्यो (पृ.६९) । कथामा प्रस्तुत यी सन्दर्भहरूबाट सौतेनी सन्तान सौताका लागि कति डाहका विषय बन्छन् भन्ने देखिन्छ । कृष्णकी सौतेनी आमा आएपछि बुबा पनि परिवर्तन भएका छन् । सुरुसुरुमा छोरालाई ज्यादै माया गर्ने माधवको छोराप्रतिको परिवर्तित व्यवहार यस्तो रहेको छः

तँ गधाले चाहिँ अलिकति पढेको पनि बिर्सिसकिस् । 'हुने बिरुवाको चिल्लो पा नहुने बिरुवाको फुस्रो पात' यस्ता पशुले किन अन्न खानु ! (पृ.७८) । माधवद्वारा प्रस्तुत यस कथांशमा छोरो कृष्णप्रतिको बोलीवचन र व्यवहार कुन तहसम्म पुगेको छ भन्ने देखिन्छ। सानैमा आमाको मायाबाट वञ्चित भएका बालबालिकाहरू गलत बाटोमा लाग्छन् भन्ने बालमनोविज्ञानको उदाहरण पात्र कृष्ण बनेको छ। जस्तैः

कठैबरा ! कस्तो अभागी केटो रहेछ, राम्ररी एक गाँस खाना र एक झुम्रो लाउन नपाएर गो ! (पृ.७४)। त्यस्तै हो घरमा माया गर्ने मानिस नभएपछि केटाकेटीको स्भाव रुखासुखो हुन्छ। ....गङ्गा मरेकी ताक त कस्तो माया गरेको नि ! जहाँ गए पनि बोकी बोकी हिँड्ने (पृ.७४) । कथामा प्रस्तुत माथिका भनाइहरूबाट पनि कृष्णको व्यवहार किन परिवर्तन भयो र घर छोडेर भाग्न किन बाध्य भयो भन्ने विषयबारे जानकारी पाइन्छ। कथाको सुरुमा वास्ता नगरे पनि कृष्णले घर छाडेपछि भने माधवमा ऊप्रति स्नेह बढेको देखिन्छ। जस्तैः

माधवको छाती रुमलिएर आयो । गहभरि आँसु पारेर पाटीमा उक्ले भित्तामा कृष्णको उही झुत्रे कोट झुन्ड्याइराखेको रहेछ। कोट हातमा लिएर माधव भित्तापट्टि फर्केर रुन लागे (पृ.७३)। कथामा रहेका उक्त सन्दर्भहरूबाट गङ्गा, कृष्ण, करुणा र माधवका मनोविज्ञानका विविध तहहरूलाई मनोवैज्ञानिक परिवेशले कलात्मक रूपमा देखाएको छ।

**सामाजिक परिवेश**

सामाजिक परिवेश भन्नाले पात्रको समाजसँगको सम्बन्ध कस्तो छ वा कस्तो समाजमा पात्र बसेको छ भन्ने बुझिन्छ । कथाका घटनाहरू समाजमा नै घट्ने कारण यसलाई महत्त्वपूर्ण मानिन्छ । अभागी कथामा २००७ सालअघिको काठमाडौं राजधानीको परम्परित समाजलाई देखाइएको छ । चौतरियाहरूको रजगज रहेको समयमा

तिनीकहाँ काम गर्न जाने र त्यसबाट रोजीरोटी चलाउने प्रवृत्तिलाई माधवका माध्यमबाट देखाइएको छ । गुरुप्रसाद मैनालीका कथामा मुख्यतः सामाजिक विषयवस्तुकै प्राधान्य रहेको पाइन्छ (श्रेष्ठ, २०५७, पृ.३८) । प्रस्तुत कथामा नेपाली समाजमा विदुरहरूको सजिलैसँग विवाह हुने र टुहुरा सन्तान सौतेनी दुर्व्यवहारबाट प्रताडित हुने स्थिति पाइन्छ। दोस्रो विवाहपछि बाबुहरू पहिला पत्नीका सन्तानप्रति उत्तरदायित्व नलिने र उपेक्षा गर्दै जाने प्रवृत्तिका हुने हुनाले टुहुरा बालबालिकाहरूको जीवन सङ्कटमा पर्ने गरेको पाइन्छ (भट्ट, २०६०, पृ.११९) । प्रस्तुत कथाको पात्र यस्तै नियति भोगी जोगीका पछि लागेर भारततिर भासिएको छ।

प्रस्तुत कथामा नेपाली समाजका विभिन्न जातजाति, वर्गहरूको लवाइखवाइ, रहनसहन र व्यवहारलाई देखाइएको छ । खत्रिनी बूढीको परिवार, चौतरियाहरूको दरबारिया ढाँचा, पुरोहितहरूको पूजापाठ, गरिब कसाही परिवारका बालकहरूको सडकमा खेल्ने प्रवृत्तिबाट तत्कालीन समाजमा जातीय, आर्थिक, सांस्कृतिक विभिन्नता रहेको र निम्न, मध्यम तथा उच्च वर्गका मानिसहरू आ-आफ्नै तरिकाले जीवन चलाएर बसेको देखिन्छ।

**सांस्कृतिक परिवेश**

सांस्कृतिक परिवेश भन्नाले समाजमा बस्दा पात्रहरूले गर्ने विभिन्न धर्म, संस्कृतिसँग सम्बद्ध क्रियाकलाप भन्ने बुझिन्छ । अभागी कथामा पनि सांस्कृतिक परिवेशको सुन्दर प्रयोग पाइन्छ । यहाँ मृत्युपछि गरिने मृत्यु संस्कार, न्वारन संस्कार, पूजा, पुरेत्याईं गर्दा गरिने संस्कार र शिवरात्री मनाइने संस्कार, दसैंजस्ता चाडमा गरिने संस्कारहरूको चित्रण पाइन्छ। जस्तै -

अनि दुई पटक हिक्क हिक्क गरेर गङ्गाले आफ्नू जीवन समाप्त गरिन् । बसेका स्वजनहरू रुन लागे । दुई घडीपछि शव उठाएर घाटमा पुऱ्याए। (पृ.६६)

यसबिचमा करुणाले पनि छोरो पाइन् । (पृ.६७)

दसैं आयो । माधव चौतरियाको दसैं घरमा पूजा गर्न गए । (पृ.६८)

शिवरात्रीको दिन थियो । (पृ.७१)

तीन- चार वर्षपछिको कुरा हो । माधवले बिहे गरेर ल्याए । रानीसाहेबले कन्यादान दिएको भन्ने सुनिन्थ्यो । (पृ.६७)

प्रस्तुत कथांशहरूमा मान्छे मरेपछि घाटतिर लगेर सत्गति गर्ने, विवाह गर्ने तथा बच्चा जन्मिएपछि न्वारन गर्ने, दसैंमा पूजा गर्ने अनि शिवरात्रीमा रमाउनेजस्ता सांस्कृतिक प्रचलनहरूबारे जानकारी दिइएको छ।

## निष्कर्ष

अभागी सामाजिक यथार्थवादी विषयवस्तुको संयोजन गरेर लेखिएको परिवेशप्रधान कथा हो । यस कथामा २००७ सालपूर्वको राजधानी काठमाडौंको सामाजिक र सांस्कृतिक परिवेशलाई देखाइएको छ । स्थानगत, समयगत र वातावरणगत परिवेशका दृष्टिले सशक्त बनेको प्रस्तुत कथामा मूलस्थान काठमाडौं र यस आसपासका विभिन्न भूभागहरू परिवेश बनेका छन् भने चित्लाङ र भीमफेदीसम्म स्थान बनेर आएका छन् । चौतरियाहरूको दरबार जीवित रहेको २००७ सालपूर्वको काठमाडौंको समय कथाका घटनाहरूबाट देखिएको छ । माधवजस्ता मध्यमवर्गका मानिसहरू तत्कालीन समाजमा जीवन चलाउनका लागि चौतरियाकहाँ जाने, दोस्रो विवाह गर्ने तथा सौतेनी व्यवहारलाई कथाको परिवेशले देखाएको छ । गाँजा खाने, दसैंका दिनमा पूजाआजा गर्ने तथा सन्तान प्राप्तिपछि न्वारन गर्ने, मरेपछि मृत्युसंस्कार गर्नेसँगै फलैंचामा बसेर गफ लडाउने र विभिन्न जातजातिका केटाकेटीहरू बाटामा

खेल्नेजस्ता कार्य पनि कथाको परिवेश बनेका छन् । दिन, रात, साँझ, बिहानजस्ता सार्वकालिक समययको कलापूर्ण संयोजनबाट अभागी कथाको परिवेश अत्यन्त अर्थपूर्ण बनेको छ । लगभग एघार-बाह्र वर्षको अवधिगत परिवेश रहेको यहाँ वातावरणका दृष्टिले आन्तरिक र बाह्य परिवेश सशक्त बनेर आएको छ । कृष्ण, गङ्गा, माधव, करुणा आदि पात्रका आन्तरिक मनोदशा मानसिक परवेश बन्दा तत्कालीन काठमाडौंली समाजको सामाजिक रहनसहन, बोलीचाली र लवाइखवाइ तथा वर्ग, सम्प्रदायहरूको चित्रणले कथाको सांस्कृतिक परिवेश झल्किन्छ । मूलतः २००७ सालपूर्वको ऐतिहासिक, राजधानी काठमाडौंको राणाकालीन समयलाई समेटिएको यहाँ समयगत, स्थानगत, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक परिवेशका कारण अभागी एउटा सशक्त परिवेशप्रधान कथा बन्न पुगेको निष्कर्ष प्राप्त भएको छ । कथाको विषयवस्तु, पात्र र भाषाशैलीको कलापूर्ण प्रयोगले उक्त परिवेशलाई अझ जीवन्त बनाएका कारण कथाकार मैनालीको कथागत परिवेश प्रयोग गर्ने कला सफलीभूत बन्न पुगेको छ ।

## सन्दर्भसामग्री


अर्याल, भैरव (सम्पा.) (२०२५), *साझा कथा*, साझा प्रकाशन ।

खड्का, रमेश (२०६४), *अभागी कथाको शैलीवैज्ञानिक अध्ययन*, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग ।

दङ्गाल, गुणकुमारी (सन् २०२०), *अभागी कथाको समाजशास्त्रीय अध्ययन*, करिकुलम डेभलप्मेन्ट जर्नल, त्रिभुवन युनिभर्सिटी पृ.१४५-१५५ ।

नेपाल, घनश्याम (सन् २०२३), *आख्यानका कुरा*, एकता बुक्स ।

पौडेल, शालिग्रम (सन् २०२४), गुरुप्रसाद मैनालीको 'अभागी' कथामा करुण रस, *त्रिभुवन जर्नल*, ३-१, त्रिभुवन मल्टिपल क्याम्पस, पृ.१४४-१५५ ।

बन्धु, चूडामणि र अन्य (सम्पा.) (२०४०), *नेपाली बृहत् शब्दकोश*, ने.रा.प्र.प्र.।

बराल, कृष्णहरि (२०६९), *कथा सिद्धान्त*, एकता बुक्स हाउस प्रा.लि.।

भट्ट, सुशीला (२०६०), *गुरुप्रसाद मैनाली व्यक्ति र कृति*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

रेग्मी, कमला (सन् २०२२), क्षण, जाति र परिवेशका आधारमा अभागी कथाको विश्लेषण, *ए. एम. सी. जर्नल*, ३-१, आदर्श मल्टिपल क्याम्पस, पृ. ८८-९९ ।

रोजनहाइम, एडवार्ड (सन् १९६३), *ह्यापेन्स इन लिटरेचर*, फिप्थ एडिसन, सिकागो द युनिभर्सिटी ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०५७), *नेपाली कथा भाग ४*, साझा प्रकाशन ।

शर्मा, तारानाथ (सम्पा.) (२०२६), *नासो कथासङ्ग्रह*, साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०६७), *कथाको सिद्धान्त र विवेचना*, साझा प्रकाशन ।

शाह, अविलाल (सन् २०२३), *मधेशतिर कथामा परिवेश*, मेधा जर्नल, ६-१, महेन्द्र मोरङ आदर्श मल्टिपल क्याम्पस, पृ.१०६-११३ ।